


ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

# नारीवादी चिन्तनका दृष्टिमा *एक चिहान उपन्यास*

**यादवप्रसाद शर्मा**

सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर

sharmayadav134@gmail.com

ORCID: https://orcid.org/0009-0003-5446-4062

**Article History:** *Received*: 9 April 2025, *Accepted*: 2 December 2025, *Published*: 14 December 2025

**DOI:** https://doi.org/10.3126/srj.v3i1.93337

## लेखसार

*'नारीवादी चिन्तनका दृष्टिमा एक चिहान उपन्यास' शीर्षकको प्रस्तुत अनुसन्धानात्मक लेख उपन्यासकार हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित 'एक चिहान' उपन्यासमा व्यञ्जित उदार नारीवादी चिन्तनको विश्लेषणमा केन्द्रित रहेको छ । 'एक चिहान' तत्कालीन नेपाली समाजमा रहेका विकृति, अन्धविश्वास, जातीय विभेद, लैङ्गिक विभेद, आर्थिक शोषणजस्ता विविध सामाजिक समस्याको चित्रण गरिएको उपन्यास हो । यस उपन्यासमा उदार नारीवादी चिन्तन पनि व्यञ्जित भएकाले यस लेखमा उपन्यासमा अभिव्यञ्जित उदार नारीवादी चिन्तनको अन्वेषण गरिएको छ । यसका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ । यस सन्दर्भमा एक चिहान उपन्यासबाट प्राप्त सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा र नारीवाद सम्बन्धी सैद्धान्तिक सामग्री तथा उक्त उपन्यासका सम्बन्धमा लेखिएका समालोचनात्मक ग्रन्थ तथा लेखरचनाहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । उपन्यासको गम्भीर पठन गरी साक्ष्यका रूपमा उपन्यासका विभिन्न अंशहरू छनोट गरी तिनको विश्लेषण गरेर यस उपन्यासमा कुनै पनि पात्रका कथन र क्रियाकलापबाट पूर्ण सचेत एवं विद्रोही किसिमको नारीवादी चिन्तन व्यञ्जित भएको छैन; यसो भए तापनि शिवनारान, रञ्जनादेवीजस्ता पात्रहरूका कथन एवं क्रियाकलापमा उदारवादी नारीवादी चिन्तन व्यञ्जित हुन पुगेको छ भन्ने निष्कर्ष दिइएको छ ।*

**शब्दकुञ्जी :** सांस्कृतिक अध्ययन, पितृसत्ता, स्वतन्त्र पहिचान, अधिकार

## विषयपरिचय

नारीवादी चिन्तनका दृष्टिमा *एक चिहान* उपन्यास शीर्षक लेख हृदयचन्द्रसिंह प्रधान (वि.सं. १९७२-२०१६) को *एक चिहान* उपन्यासमा अभिव्यञ्जित नारीवादी चिन्तनको अन्वेषणमा केन्द्रित रहेको छ । हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यका बहुमुखी स्रष्टा हुन् । उनका छेउ *लागेर*

(२००६), *गङ्गालालको चिता* (२०११), *उनी देवता हुन्* (२०१५) र *कीर्तिपुरको युद्धमा* (२०१६) जस्ता नाटक तथा एकाङ्कीहरू *भूस्वर्ग* (२०२३), *तीस रूपियाँको नोट* (२००४), *जुँगा* (२००९), *कुरा साँचो हो* (२०११), *अफसोस* (२०२७) जस्ता निबन्ध सङ्ग्रहहरू तथा *स्वास्नीमान्छे* (२०११), *एक चिहान* (२०१७) जस्ता उपन्यासहरू तथा अनेक समालोचनात्मक कृतिहरू प्रकाशित रूपमा उपलब्ध छन् । उनको *एक चिहान* उपन्यासमा समाजको निरीक्षण गर्दै नारीचित्रण, निम्नवर्गको दुरवस्था तथा त्यसको कारणको खोजी गरिएको पाइन्छ । विश्व साहित्यमा सन् १९६० को दशकतिर प्रारम्भ भई क्रमशः विकसित हुँदै गएको नारीवाद सांस्कृतिक अध्ययनका विविध सिद्धान्तहरूमध्ये एक हो । यो पितृसत्तात्मक समाजमा नारीप्रति हुने शोषण एवं दमनका विरूद्धको वैचारिक चिन्तन एवं सङ्गठित आन्दोलन पनि हो । यसले नारीको वास्तविक अस्तित्व एवं स्वतन्त्र पहिचानमा जोड दिनाका साथै नारीका अनुभव, विचार, क्रियाकलाप एवं गतिविधिहरूलाई विशेष महत्त्व प्रदान गर्दछ । उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासमा पनि उपर्युक्त चिन्तनको प्रभाव पाइन्छ । उनका उपन्यासहरूको औपन्यासिक वैशिष्ट्य एवं मूल्यको अनुसन्धानका सन्दर्भमा विभिन्न अध्ययन, अनुसन्धान एवं शोधकार्यहरू भएका तथा विविध सामाजिक समस्यामा केन्द्रित *एक चिहान* उपन्यासलाई पनि सामाजिक विभेद, जातीय एवं लैङ्गिक विभेद, प्रगतिवादी चिन्तन आदि विभिन्न कोणबाट अध्ययन गरिए तापनि नारीवादी चिन्तनका आधारमा अध्ययन नभएको स्थिति रहेको पाइन्छ । अतः यस अध्ययनमा *एक चिहान* उपन्यासमा के कस्तो नारीवादी चिन्तन के कसरी अभिव्यञ्जित भएको छ भन्ने कुराको अन्वेषण गरिएको छ । यसबाट नारीवादी चिन्तनका कोणबाट यस उपन्यासको अध्ययन गर्न चाहने साहित्यानुरागी पाठकहरू लाभान्वित हुने हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको छ । यस लेखमा *एक चिहान* उपन्यासलाई समाजवादी नारीवादमा मात्र केन्द्रित भई अध्ययन गरिएको छ ।

## अध्ययन विधि

यस लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासबाट प्राप्त सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा र नारीवाद सम्बन्धी सैद्धान्तिक सामग्रीहरूका साथै उक्त उपन्यासका सम्बन्धमा लेखिएका समालोचनात्मक ग्रन्थ तथा लेखरचनाहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई ज्ञानको स्रोत र तिनीहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ । विश्लेषणका लागि उपन्यासका कतिपय अंशहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट उपन्यासका अंशलाई साक्ष्यका रूपमा छनोट गरी विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । सामग्रीको विश्लेषणका निम्ति मूलतः उदारवादी नारीवादी सिद्धान्तलाई आधार बनाइएको छ ।

## सैद्धान्तिक पर्याधार

नारीवाद भनेको नारीमाथि हुने सामाजिक, सांस्कृतिक, आर्थिक आदि शोषणका विरूद्धको सचेत आन्दोलन हो । यो पुरूष दमन र शोषणको विरोधी आन्दोलन हो र यसको सम्बन्ध सांस्कृतिक अधीनस्थताको विरोधसँग छ (भट्टराई, २०७७ क, पृ. १२४) । सामान्यतया महिलाले पनि पुरूष जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास राखेर गरिने सङ्घषलाई नै नारीवाद मानिन्छ । यसरी महिलाहरूले पुरूष समान अधिकार प्राप्तिका निम्ति गरिएको वा गरिने सामाजिक आन्दोलनलाई नै नारीवाद भनिन्छ । नारीवाद पाश्चात्य साहित्यमा देखिई विश्वव्यापी रूपमा फैलिँदै गएको एउटा साहित्यिक वाद हो (अधिकारी, २०६८, पृ. ४४) । अमेरिका, बेलायत, फ्रान्स लगायतका पश्चिमा राष्ट्रहरूबाट नारी स्वतन्त्रता सम्बन्धी वैचारिक एवं राजनैतिक आन्दोलनका रूपमा सन् १९६० को दशकदेखि नारीवादी आन्दोलन प्रारम्भ भएको पाइन्छ तर यसले सन् १९७० को दशकदेखि मात्र नारीवादी साहित्य सिर्जना एवं समालोचनाको रूप लिएको पाइन्छ । नारीवादी समालोचनाले अरू किसिमका साहित्यिक सिद्धान्त र समालोचनामाथि राजनैतिक प्रकृतिको आक्रमण गर्दै परम्परागत साहित्य समालोचनाभन्दा पृथक मार्ग अवलम्बन गर्छ । परम्परागत पितृसत्तात्मक समाज पुरूषका पक्षमा संरचित भएको र परम्परागत साहित्यमा पनि त्यही समाज र संस्कृति प्रतिविम्बित हुने भएकाले परम्परागत साहित्य नारीवादी समालोचनाको आक्रमणको केन्द्र बन्दछ । यसरी नारीवादी साहित्य समालोचनाले कुनै पनि साहित्यिक कृतिमा नारीका पक्षमा के छ र के छैन भन्ने कुराको विश्लेषण एवं सामान्यीकरण गर्छ ।

पुरूष लेखकले सिर्जना गरेको सांस्कृतिक संरचनाभित्र महिलाको आत्मान्वेषण गर्दै सिमोन द बुभायरले *द सेकेन्ड सेक्स* (१९४९) प्रकाशित गराएपछि नारीवादी आन्दोलनले सबल सैद्धान्तिक आधार प्राप्त गरेको देखिन्छ परन्तु यस आन्दोलनको विधिवत् प्रारम्भ भने अमेरिकी नारीवादी लेखक केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (१९६६) को प्रकाशन पश्चात् भएको मानिन्छ (बराल, २०५६, पृ. ९) । यो कृति नारीवादी साहित्यिक समालोचना मध्येमा सर्वाधिक पढिएको कृति मानिन्छ (त्रिपाठी, २०६८ क, पृ. ७०) । केट मिलेटले यस कृतिमा परम्परागत साहित्यलाई पितृसत्ताको सामूहिक संचेतना मान्दै पुरूषले महिलामाथि कायम गरेको आन्तरिक उपनिवेशलाई वर्ग विभाजनभन्दा पनि बढी सतर्कतापूर्वक गरिएको सूक्ष्म पीडादायी षडयन्त्र मानेकी छन् ।

पाश्चात्य नारीवादी समालोचनाका क्षेत्रमा एलेन सोवाल्टरले गाइनो क्रिटिकको अवधारणा अगाडि सार्दै पितृसत्ताले अवहेलना गरेको महिला इतिहासको खोजी गर्नु पर्ने, महिलाद्धारा लिखित साहित्यको समीक्षा गर्नु पर्ने र महिला एवं पुरूषद्वारा लिखित साहित्यमा रहेको महिलाको उपस्थितिको लेखाजोखा गर्नु पर्ने कुरा औंल्याएकी छन् । यसरी समाज एवं साहित्यमा भएको महिलाको उपस्थितिलाई पुनः परिभाषित गर्ने तथा नयाँ कोणबाट महिलाको उपस्थिति दिने कुरा नै नारीवादी साहित्य तथा समालोचना हो (त्रिपाठी, २०६८ क, पृ. ७२) । कृष्ण गौतमका अनुसार 'नारीवादले

पुरूषले लेखेको साहित्यमा नारीको भूमिकाको खोजी गर्नुका साथै नारी लेखन कस्तो छ र त्यसमा उसले आफ्ना विचार र अनुभवहरू कसरी प्रस्तुत गरेकी छ भन्ने जस्ता कुराहरूको पनि अध्ययन गर्दछ (गौतम, २०५, पृ. ४१०) ।' यसरी महिला र पुरूषका बिचमा रहेका सबै प्रकारका विभेदहरूको अन्त्य गर्दै महिलाले पनि पुरूष जत्तिकै अधिकार एवं अवसर पाउनु पर्छ भन्ने लक्ष्य प्राप्तिका निम्ति गरिने सङ्घर्ष नै नारीवाद हो । उपर्युक्त लक्ष्य प्राप्तिका निम्ति साहित्य सिर्जना र समालोचनाका माध्यमबाट गरिने सङ्घर्ष नै नारीवादी साहित्य एवं समालोचनाको अध्ययनको क्षेत्र रहेको देखिन्छ । समयको परिवर्तनसँगै नारीवादी चिन्तनमा परेको प्रभावको फलस्वरूप नारीवाद विविध धारामा विभक्त हुन पुगेको छ । ती विविध धाराहरूमध्ये मूलधाराका पनि १. उदार (आदर्श) नारीवाद २. आमूल (उग्र) नारीवाद ३. मार्क्सवादी (क्रान्तिकारी) नारीवाद र ४. समाजवादी नारीवाद गरी चार हाँगाहरू रहेका देखिन्छन् । ती मध्ये सामाजिक असमानताका आधारभूत कारणमाथि आमूल (उग्र) नारीवाद र मार्क्सवादी नारीवादका बिचमा भएको बहसले समाजवादी नारीवादको जन्म भएको देखिन्छ ।

## उदार नारीवाद

नारीवादका विभिन्न धाराहरूमध्ये उदार नारीवादी धारा सर्वाधिक परिचित रहेको छ । यस धारालाई समानाधिकारको वकालत गर्ने धाराका रूपमा चिनिन्छ । महिलालाई सार्वजनिक क्षेत्रमा प्रवेश गर्न नदिने बाधा भनेका परिवार र घरगृहस्थी नै हुन् भन्दै यस धाराले आफ्नो मुख्य ध्यान सार्वजनिक क्षेत्रमा केन्द्रित गरेको छ । यसले सार्वजनिक क्षेत्रमा प्रतिस्पर्धा गर्ने महिलाको व्यक्तिगत अधिकार प्राप्तिका लागि सङ्घर्ष गर्दछ । व्यक्तिगत स्वतन्त्रताप्रति यसको गहिरो चासो रहेको छ । यसले सामाजिक बन्धनबाट महिलाको मुक्तिको वकालत गरेको छ । यस मुक्तिको अर्थ सरकार, राज्य र अझ बढी सांस्कृतिक रीतिस्थिति एवं दुराग्रहबाट मुक्ति हो । नागरिकता र पुरूषसँगको बराबरीको कुरा नै उदार नारीवादको दृष्टिकोणको केन्द्रविन्दु हो । उदारवादी नारीवाद महिला पनि पुरूष समान भएको र महिलाहरूले पनि पुरूषहरूले गर्ने सबै काम गर्न सक्ने भएकाले पुरूषले राज्य र समाजबाट जे जे पाएको छ महिलाले पनि त्यही त्यही पाउनुपर्छ भन्ने प्रयत्नतर्फ उन्मुख छ । यसले युद्धकालमा मात्र नभएर युद्धको समाप्तिपछि पनि महिला र पुरूषबिच सहकार्य हुन सक्नुपर्छ भन्ने मान्यता राख्छ । यति भएर पनि उदारवादी नारीवाद समाजको क्रान्तिकारी परिवर्तनमा नभएर क्रमिक सुधारमा विश्वास राख्छ (त्रिपाठी, २०६८ क, पृ. ७५) । पुरूषले जे जे पाएको छ, महिलाहरूले पनि त्यही त्यही पाउनुपर्छ भन्ने मान्यता राखेकाले कतिपयले यिनीहरूलाई पुरूषहरूको ईर्ष्या गरेको भन्ने आरोप लगाएका छन् । भर्जिनिया उल्फ, सिमोन द बुभायर उदारवादी नारीवादी समालोचनाका संस्थापक मानिन्छन् । यस धाराका अन्य नारीवादीहरूमा मेरी उल्स्टोन क्राफ्ट (१७५९–९७) ह्यारिट टेलर (१८०७– ५८) जोन स्टुआर्ट मिल (१८०६–७३), एलिजावेथ केडी स्टन्टन (१८१५–१९०२) प्रमुख मानिन्छन् । यिनीहरूले ज्यालामा बराबरी, गर्भावस्थाको भत्ता र गर्भपतनको अधिकारको कुरा उठाएका छन् ।

## मार्क्सवादी नारीवाद

नारीवादका धाराहरूमध्ये मार्क्सवादी नारीवाद विशेष महत्त्वपूर्ण मानिन्छ । सन् १९६०–७० को दशकमा मुख्य रूपमा बेलायतमा नारीवादका क्षेत्रमा अन्य साहित्यिक सिद्धान्तले झैँ मार्क्सवादले पनि आफ्नो प्रभाव विस्तार गऱ्यो । मार्क्सवादले नारीवादभित्र वर्गविश्लेषणका सन्दर्भमा प्रवेश गरेको हो । मार्क्सवाद सुधारको नभएर परिवर्तनको दर्शन हो । नारीवादीहरू दर्शनको यसै पक्षबाट प्रभावित छन् किनभने लैङ्गिक विभेद हटाउन समाज जगैदेखि फेरिनु आवश्यक छ । समाजमा परिवर्तन ल्याउनका लागि त्यसको विश्लेषण गरिनु आवश्यक हुन्छ । समाज विश्लेषणको दरो आधार मार्क्सवादसँग रहेको छ । मार्क्सवादबाट उक्त आधार ग्रहण गर्ने नारीवाद नै मार्क्सवादी नारीवाद हो । मार्क्सवादी नारीवादका अनुसार घरभित्र र घरबाहिर दुबैतिर भएको महिलाको कामको शोषणको आधार लैङ्गिक विभेद हो । मार्क्सवादी नारीवादले महिलामाथि लादिएको पूँजीवाद र पितृसत्ताको दोहोरो शोषणको कुरा उठाएको छ । यसले महिलाले गृहस्थ कर्म र शिशुको लालन पालनको पारिश्रमिक पाउनु पर्ने र केवल मायाकै भरमा मात्र व्यक्तिको जिम्मेवारी लिन नसकिने कुरा उठाएको छ । यसले ऐतिहासिक भौतिकवादी विश्वदृष्टिका आधारमा साहित्यिक कृतिको अध्ययन र वर्गीय एवं लैङ्गिक सम्बन्धको परीक्षण गर्दै पूँजीवादसँग अन्तर्सम्बन्धित पितृसत्तालाई पूर्णरूपमा समाप्त गर्न चाहन्छ । यसले समाजमा अवस्थित वर्गीय एवं लैङ्गिक विभेदलाई पूजीवादसँगको गठबन्धनमा रहेको पितृसत्तासँग सम्बन्धित मान्छ र साहित्यमा पनि पूँजीवादको गठबन्धनमा रहेको पितृसत्ताको अन्त्य गर्नुपर्ने ठान्छ । मार्क्सवादले वर्गविश्लेषण (आर्थिक वर्गविश्लेषण) लाई बढी जोड दिएको छ किन्तु मार्क्सवादी नारीवादले लैङ्गिक विश्लेषणलाई बढी महत्त्व दिँदै महिलामाथि हुने गरेका वर्गीय एवं लैङ्गिक दुवै किसिमका शोषणको अन्त्य हुनुपर्ने दृष्टिकोण प्रस्तुत गर्दछ (त्रिपाठी, २०६८ क, पृ. ९४) प्रमुख मार्क्सवादी नारीवादी समालोचकहरूमा मिचेल व्यारेट, इम्मा गोल्डमन, लिलियन रविन्सन, डुडिथ न्युटन डेबोरा आदि उल्लेख्य छन् ।

## आमूल (उग्र) नारीवाद

आमूल नारीवादी धाराले समाजमा विद्यमान उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । महिला सबैभन्दा बढी घरभित्रै विभेदमा परेका छन् र त्यसको कारण नारी र पुरूषका बिचको वैवाहिक सम्बन्ध नै हो । त्यसैले त्यस्तो विवाहलाई पूरै निषेध गरेर महिला महिलाका बिचमा नै वैवाहिक सम्बन्ध स्थापित गर्नपर्छ भन्दै नारी समलैङ्गिक नारीवाद (लेस्बियन फेमिनिजम) को सिद्धान्तलाई अगाडि सारेको छ (त्रिपाठी, २०६ क, पृ. ९४) । सुधारका माध्यमबाट महिलामुक्ति सम्भव छ भन्ने नलागेपछि सन् १९६८ मा एउटा समूह उदार नारीवादको समूहबाट अलग भयो । त्यसको नेतृत्व टाइग्रेस एटकिन्सनले गरेकी थिइन् । क्रान्तिकारी कम्युनिष्टहरूले लैङ्गिक उत्पीडनलाई प्राथमिकताका साथ हेरेनन् भन्ने यिनीहरूको असन्तुष्टि थियो । क्रिस बिस्लेका

अनुसार पुरूषले नारीलाई जसरी उत्पीडित तुल्याएको छ नारीले पनि पुरूषलाई त्यसरी नै उत्पीडित तुल्याउन किन नहुने भन्ने तर्क राख्ने नारीवाद उग्र नारीवाद हो भने उग्रनारीवादीहरूको मूल ध्येय यौन उत्पीडनका विरूद्ध सङ्घर्ष गर्नु हो (त्रिपाठी, २०६७, पृ. १२) । आमूल (उग्र) नारीवादले उदार नारीवाद एवं मार्क्सवादी नारीवादका मान्यताभन्दा फरक मान्यता अघि सारेको छ । यसले आर्थिक वर्गका सट्टामा यौन वर्ग र पितृसत्तामा क्रमिक सुधारका सट्टा आमूल परिवर्तन आवश्यक छ भन्ने मान्यता अघि सारेको छ । यसले उदार नारीवादलाई मध्यम वर्गीय गोरा महिलाहरूको सङ्गठनका रूपमा मात्र सीमित भएको आरोप लगाउँदै त्यसमा काला जातिका महिलाहरू र समलिङ्गी महिलाहरू पनि समाविष्ट हुन सक्ने स्थिति नबनेसम्म नारीवादी आन्दोलनका निम्ति उदार नारीवाद प्रत्युत्पादक हुने समेत ठहर गरेको छ । यसले परम्परागत पितृसत्ताले नारीहरूका सम्बन्धमा स्थापित गरेका सम्पूर्ण मूल्यमान्यताहरू नष्ट गर्नुपर्ने तथा नारीमाथि गरिने सबै प्रकारका शोषण एवं दमनको सशक्त प्रतिकार गर्नुपर्ने कुरा अगाडि सारेको छ । यसले नयाँ शक्ति, सामर्थ्य र उत्साहका साथ कुनै पनि जाति, वर्ण र वर्गका नारीहरूले कुनै पनि किसिमको शोषण, दमन तथा उत्पीडन सहनु नपर्ने नारीहरूको नयाँ विश्वको निर्माण गर्नु पर्ने विचार अगाडि सार्दै यसको प्राप्ति आमूल समलैङ्गिक नारीवादबाट मात्र सम्भव हुने कुरा गरेको छ (त्रिपाठी, २०६८ क, पृ. १०६-१०७) । यस धाराका समालोचकहरूमा म्याकिनन, फ्राइ, सुलामिथ फायरस्टोन, सराह हग्ल्यान्ड, क्याथरिन ब्यारी, एन्ड्रिया दोर्किन, एन्ड्रियन रिच, मेरी डेली, अड्रे लर्डे आदि उल्लेख्य छन् ।

### समाजवादी नारीवाद

सन् १९६०–७० का दशकमा आमूल नारीवाद र मार्क्सवादी नारीवादका बिचमा सामाजिक असमानताका आधारभूत कारणमाथि भएको बहसले समाजवादी नारीवादलाई जन्मायो । समाजवादी नारीवादीहरू मार्क्सवाद भित्रका वर्गभेद र श्रमशोषणजस्ता केही कुरालाई स्वीकार गर्दछन् तर आमूल नारीवादीहरू झैँ यिनीहरू पनि पहिला वर्गको उदय भयो र त्यसैका आधारमा लैङ्गिक दमनको प्रारम्भ भयो भन्ने कुरा भने स्वीकार गर्दैनन् । समाजवादी नारीवादमा आमूल र मार्क्सवादी नारीवादका थुप्रै कुराहरूको सम्मिश्रण रहेको पाइन्छ । यसमा कहिलेकाहीँ मनोविश्लेषणात्मक नारीवादको प्रभाव पनि देखिन्छ । समाजवादी नारीवादले एकातिर महिलामाथिको दमन असमान आर्थिक सामाजिक स्थितिका कारणले मात्र नभई मनोरचनाको भिन्नताका कारणले पनि भएको हो भन्छ भने अर्कातिर यसले मार्क्सवादी भौतिकवादको प्रयोग गरी मार्क्सवादकै आधार र अधिरचनामा आधारित विश्लेषण पद्धति पनि अँगाल्छ । यस नारीवादले सामाजिक सङ्गठनका भिन्न प्रक्रियाका रूपमा रहेका पितृसत्ता र पूँजीवादलाई पनि दोषी ठहऱ्याउँछ । समाजवादी नारीवादीहरू लिङ्ग र वर्गलाई आफैँमा पूर्ण मान्दै यी दुई कुराका सम्बन्धका बारेमा गहिरो चिन्तन गर्दछन् । यिनीहरूका अनुसार लिङ्ग र वर्गका बिचको सम्बन्ध भनेको पितृसत्ता र पूँजीवादका बिचको सम्बन्ध हो । यिनीहरू पारिवारिक जिम्मेवारीको पुनः वितरण र घर बाहिरका काममा समान ज्याला प्राप्त गर्ने सन्दर्भलाई आफ्नो अभीष्ट मान्दछन्

(त्रिपाठी, २०६८ क, पृ. ११२) । यस धाराका प्रमुख समालोचकहरूमा जिलाह इसेनिटन, जुलियट मिचेल, शिला रोथबम प्रमुख रूपले उल्लेख्य छन् ।

समाजवादी नारीवादीहरूले मार्क्सवादका केही कुराहरू स्वीकार गरे तापनि वर्गीय समाजको उत्पत्तिभन्दा पहिल्यै नारीहरू पुरूषका अधीनस्थतामा रहेकाले नारी दमन केवल वर्ग विभाजनमा मात्र आधारित छैन भन्ने कुरामा उग्र (आमूल) नारीवादसँग सहमत देखिन्छन् । त्यस्तै समाजवादी नारीवादीहरू नारीपुरूष सम्बन्धका परम्परागत सम्पूर्ण मूल्य मान्यतालाई ध्वंस गरी नारीहरूको समलैङ्गिक समाजको सिर्जना गर्नुपर्ने उग्र नारीवादका तर्कप्रति पनि सहमत छैनन् । समाजवादी नारीवाद यदाकदा मनोविश्लेषणात्मक नारीवादबाट पनि प्रभावित भएको पाइन्छ । समाजवादी नारीवादले लैङ्गिक आधारमा समाजको पुनः संरचना गरिनु पर्ने कुरालाई औंल्याएको छ । यो कतै मार्क्सवादी (क्रान्तिकारी) नारीवाद र कतै उग्र (आमूल) नारीवादसँग निकट देखिन्छ (त्रिपाठी, २०६८ क, पृ. १११) । यसले आर्थिक वर्गको उत्पत्तिभन्दा पहिले पुरूष प्रभुत्वको अस्तित्व रहेको कुरा स्वीकार गरेको छ । समाजवादी नारीवादीहरू वर्ग र लिङ्गका बिचको सम्बन्ध अन्योन्याश्रित रहेको मान्छन् अर्थात् उनीहरू पूँजीवाद र पितृसत्तालाई अन्योन्याश्रित ठान्छन् । घरेलु कामकाजको पुनर्विभाजन र समान कामका निम्ति समान पारिश्रमिकको सिद्धान्तलाई समाजवादी नारीवादले आफ्नो मूलः अभीष्ट बनाएको देखिन्छ ।

## *एक चिहान* उपन्यासमा उदारवादी नारीवाद

हृदयचन्द्रसिंह प्रधानद्वारा रचित *एक चिहान* उपन्यास विभिन्न सामाजिक समस्यामा केन्द्रित छ (त्रिपाठी, २०६८ ख, पृ. ८५) । यसो भए तापनि यस उपन्यासमा उदारवादी नारीवादी चिन्तन पनि अभिव्यञ्जित भएको छ । प्रधानले आफ्ना रचनामा समाजमा रहेका विकृति, अन्धविश्वास, जातीय एवं लैङ्गिक विभेद आदिको अन्त्य गर्नुपर्ने प्रगतिशील विचारलाई अभिव्यक्त गरेका हुन्छन् । उनमा नेपाली समाजको यथार्थ चित्रण गर्दै त्यसप्रति विवेचनात्मक दृष्टिकोणले त्यसको सूक्ष्म निरीक्षण गर्दै नारी चित्रण, निम्न वर्गको दुरवस्था एवं त्यसको कारणको खोजीगर्ने प्रवृत्ति रहेको पाइन्छ । उनको एक चिहान उपन्यासमा पनि उपर्युक्त प्रवृत्तिहरू पाइन्छन् परन्तु यस अध्ययनमा उनको यस उपन्यासमा अभिव्यक्त नारीवादी चिन्तनको मात्र विश्लेषण गरिएको छ ।

### साक्ष्य - १

> "जन्मेपछि मर्नुपर्छ, अवश्य हो । म मरेपछि तिमी विधवा भएर अपूर्ण हुन्छ्यौ, यदि तिमी अगाडि मरे पनि त म विधुर हुन्छु; दुवै एकै चोटि मर्ने संयोग पाउनु त असम्भव जस्तै गाह्रो कुरा हो । ...त्यसैले यस्तो कुरामा अफसोस गरेर साध्य छैन लतमाया ! (प्रधान, २०७५, पृ. ३१-३२)"

उपर्युक्त साक्ष्यमा अभिव्यक्त अष्टनारानको भनाइमा जन्मेपछि एक दिन सबै मर्नु पर्ने, लोग्ने पहिले मरे स्वास्नी विधवा हुने र स्वास्नी पहिले मरे लोग्ने विधुर हुने, परन्तु दुवै एकै चोटि मर्ने संयोग नपर्ने भाव व्यक्त गरिएको छ । यसबाट नारी र पुरूषलाई एक समान देख्ने अष्टनारानको दृष्टिकोण अभिव्यञ्जित छ ।

**साक्ष्य - २**

"त्यस्ता तीन वटा छोराछोरीका बाबु, कपालमा जौतिल पाकिसकेका बुढासित पनि तिमी जस्ती भरभराउँदी तरूनीले प्रेम गर्ने ? 'जात फ्याँक्नु गहतका झोलमा' भनेको यही हो । (पृ. १०१)"

उपर्युक्त साक्ष्यमा उमेर मिल्दा अविवाहित युवा-युवतीका बिचमा मात्र विवाह हुनुपर्ने तथा पुरूषले बहुविवाह गर्ने प्रचलन पनि गलत हो भन्ने रञ्जनादेवीको धारणा अभिव्यक्त छ ।

**साक्ष्य - ३**

हामी स्वास्नीमान्छेले आफ्नो जीवन भोगका निम्ति अर्पनु हुँदैन; हामी कुनै लोग्ने मानिसको भोगका निम्ति जन्मेका वा सिर्जेका जीव होइनौँ । हाम्रो उमेरमा यौवन छ, हाम्रो गालामा रगत छ, हाम्रो ओठमा पानी छ, हाम्रो शरीरमा सौन्दर्य छ, हाम्रो चेहरामा मुस्कान छ, हाम्रो वाणीमा माधुरी छ, हाम्रो हेराइमा लालित्य छ, हाम्रा प्रत्येक अङ्गप्रत्यङ्गमा हिसी छ । के लोग्ने मान्छेलाई भोगाउनका लागि ती सबै गुण हामीले पाएका हौँ ? कदापि होइन, ती सबै गुण हामीले हाम्रै निम्ति पाएका हौँ । (पृ. १०२)

उपर्युक्त साक्ष्यमा नारी केवल पुरूषभोग्या होइनन् । नारीको सौन्दर्य पुरूषको भोगका लागि होइन भन्ने रञ्जनादेवीको दृष्टिकोण अभिव्यञ्जित छ ।

**साक्ष्य - ४**

तिमी मेरो आफ्नो जातिकी मानिस हुनाले मेरो नातेदार हौ । हरेक स्वास्नीमान्छेले दुनियाँ भरका प्राणी अथवा मानिस मात्रको हित गर्न नसके पनि कम से कम स्वास्नीमान्छे मात्रको इज्जत र गौरवको मात्र ख्याल राख्न सके पनि दुनियाँको दुःखको मात्रा यति घट्छ कि मानिसको बस्तीभित्र मात्र होइन, बाटो बाटोमा सुख हाँसिरहेको हामी पाउने छौँ । (पृ. १०३)

उपर्युक्त साक्ष्यमा रञ्जनादेवीको स्वास्नीमान्छे (नारी) ले अनिवार्य रूपमा कम से कम स्वास्नीमान्छे (नारी) को इज्जत र गौरव बँचाउनु पर्ने धारणा अभिव्यञ्जित छ । शिक्षित एवं सचेत रञ्जनादेवीले सम्झाएपछि गोदत्तप्रसादको प्रेममा लट्ठिएकी नानीथकुँको मानसिकतामा परिवर्तन भई अस्तिबोधको प्रारम्भ भएको छ ।

**साक्ष्य - ५**

"डाक्टर साहेबसित तिमी फस्नाले मलाई वास्तवमा केही पनि नोक्सान छैन नानीथकुँ ! फस्छ्यौ त तिमी नै फस्छ्यौ, तिम्रो जिन्दगी फस्छ, अनेक सुख पाउन सक्ने तिम्रो भविष्य फस्छ । (पृ. १०७)"

उपर्युक्त साक्ष्यमा नारीले आफ्नो महत्तालाई बँचाउदै अनमेल विवाहबाट बँच्नुपर्ने तथा बहु विवाह गर्न खोज्ने पुरूषबाट बँच्नुपर्ने धारणा अभिव्यक्त भएको छ ।

**साक्ष्य - ६**

जाऊ, मैले तिम्रो धेरै समय लिइदिएँ । मैले भनेको कुरा कत्तिको ठिकबेठिक छ, एक चोटि ठन्डा मगजले विचार गर्नू । भरे सुत्दा पनि खुब गुनेर हेर्नू । ठिक लागे तिमीलाई नै सुख हुन्छ, बेठिक लागे तिम्रो दशा बिग्रको म सम्झुँला । तर नानीथकुँ ! म फेरि एकचोटि भन्छु खुब होस गर्नू है नारीको मूल्य सम्झेर, लौ जाऊ । खुब गहिरिएर सोच । (पृ. १०७)

उपर्युक्त साक्ष्यमा नारीले विवाहसम्बधी कुनै कदम चाल्दा खुब गहिरिएर सोच विचार गरी नारीको मूल्य र महत्त्वलाई सम्झेर बुझेर मात्र चाल्नु पर्ने रञ्जनादेवीको विचार अभिव्यक्त छ ।

**साक्ष्य - ७**

"तिमी चाहन्छ्यौ भने हामी उहीसँग बिहे गराइदिन सक्छौं तर यसरी लुकी चोरीकन ख्यालठट्टा गरेर भाँडिनु म नराम्रो ठान्दछु । (पृ. १२५)"

उपर्युक्त साक्ष्यमा नारीले आफूले माया गरेको र आफूलाई माया गर्ने व्यक्तिसँग विवाह गर्न पाउनु पर्ने तथा त्यस कुरामा परिवार तथा समाजको अनावश्यक हस्तक्षेप हुन नहुने हर्षनारानको अभिप्राय प्रकट भएको छ । परन्तु अनमेल तथा बहुविवाहको परम्परा अनुचित भएकोतर्फ उनको दृष्टि पुगेको छैन ।

**साक्ष्य - ८**

मलाई पनि थाहा छ युगको गति, स्वतन्त्रताको महत्त्व र मानव इच्छाको कुरा । तर म स्वतन्त्रताका नाउँमा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिंडेको हेर्न चाहन्नँ । प्रेमको पनि महत्त्व हुन्छ, उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मापदण्ड हुन्छ, विधान हुन्छ, सुपात्र र कुपात्र हुन्छ । यी सब कुरालाई, बाटोलाई, तबरलाई नाघेर मानिस हिंड्न सक्तैन, पाउँदैन । त्यसैले जीवनमा अभिभावकहरू हुनु बेसै छ, यो सौभाग्यको कुरा हो र अभिभावकहरूले यस कुराको ख्याल विचार राम्ररी पुऱ्याउनुपर्छ । (पृ. १२५)

उपर्युक्त साक्ष्यमा मानवसभ्यता युगानुकूल परिवर्तन हुँदै गएको तथा परिवर्तन हुनु पनि आवश्यक भएको र मान्छेले वैयक्तिक स्वतन्त्रता र मान्छेको इच्छा (चाहना) को कदर गर्नुपर्ने शिवनारानको विचार अभिव्यञ्जित भएको छ । परन्तु स्वतन्त्रताका नाममा अराजकता तथा प्रेमका नाममा व्यभिचार सिर्जना हुन नहुने दृष्टिकोण पनि व्यक्त गरिएको छ । प्रेम र विवाहजस्ता कुरामा जाति, धर्म र आर्थिक अवस्था बाधक बन्न नहुने भए तापनि उमेर, व्यवहार र वैवाहिक स्थितिजस्ता कुराहरू भने औचित्यपूर्ण हुनुपर्ने शिवनारानको विचार रहेको देखिन्छ ।

**साक्ष्य-९**

> अहिले तिमीले कसैकी स्वास्नी नबनेकी, प्रेमिका नबनेकी र बुढी तथा बच्ची भएर बेजोडा नभएकी जो कोही स्वास्नी मान्छेसित प्रेम गर्न सक्तछौ, ल्याउन सक्तछौ, यसमा म कत्ति बिघ्नबाधा नगरीकन तिमीलाई पुरा स्वतन्त्रता दिन सक्तछु; तर त्यसो नभईकन तिमीले कसैकी स्वास्नी, आमा, प्रेमिकालाई फकाएर वा उडाएर ल्यायौ भने त्यसलाई म प्रेम वा स्वतन्त्रता कहिल्यै भन्दिनँ । त्यो सरासर बदमासी हो, चोरी हो, डकैती हो । (पृ. १२६)

उपर्युक्त साक्ष्यमा पनि जुनसुकै जाति, धर्म, वर्ण तथा जस्तोसुकै आर्थिक अवस्था भए तापनि अविवाहित युवा-युवतीले आपसी समझदारीमा प्रेम वा विवाह गर्नु न्यायसङ्गत एवं औचित्यपूर्ण भए पनि कुनै पनि लोग्ने मान्छेले कसैकी श्रीमती, आमा वा प्रेमिका र स्वास्नी मान्छेले कसैको श्रीमान्, बाबु वा प्रेमीप्रति कुदृष्टि राख्नु चोरी, डकैती वा व्यभिचार हुने धारणा अभिव्यक्त गरिएको छ ।

**साक्ष्य-१०**

> खै, कसैले भन्न आउँदैन । हामी अलि प्रगतिशील भएकाले समाज हामीदेखि टाढा रहन खोज्छ, समाजमा अलि अगाडि बढ्न खोजे पनि नहुने, अरू साधारण मानिसहरूजस्तै रूढि र परम्पराभक्त भइरहन भने हाम्रो मन मान्दैन । अलि जान्ने बुझ्नेलाई फसादै हुँदो रहेछ । फोने गरेर कसैलाई दिन जाऔँ, भन्न जाऔँ भने हलुकै मात्र हुने देख्छु । नानीथकुँ आफैँले आफूलाई चाहिने साथी रोजेर जाओस् भन्ने विचार गरिरहेको थिएँ, उसले भने अर्काको पोइ, बाबु भएर बुढा भइसकेका, साँच्चै भनूँ भने उसका निम्ति एकदम सिल्पट दुलाहा खोज्न आँटिरहिछ । त्यो डाक्टरसित गएपछि जुलुम हुँदैन ? हुनसम्मको दुःख नपाउली उसले ? बाको पनि 'आफैँले छानेर जाओस्' भन्ने विचार थियो । स्वतन्त्रता दिऔँ भने यस्तो बडो फसादको समस्या आइरहेको देखेँ मैले आमा ! (पृ. १३४-३५)

उपर्युक्त साक्ष्यमा शिवनारानको परिवार अलि प्रगतिशील भएकाले तत्कालीन अन्धविश्वासी समाजका केही मानिसहरू उनीहरूदेखि टाढा हुन खोज्ने, तत्कालीन समाजमा अलि क्रान्तिकारी ढङ्गले अगाडि बढ्न खोज्दा पनि सहज रूपमा अगाडि बढ्न नसकिने भएकाले नानीथकुँको विवाह

गर्न अलि ढिला भइरहेको विचार व्यक्त गरिएको छ । फोने गरेर अर्थात् विना माग आफैं दिन खोजेर विवाह गरिदिऊँ भने पनि तत्कालीन सङ्कीर्ण एवं रूढिग्रस्त समाजका अगाडि आफैं हलुका भइने डर शिवनारानमा रहेको देखिन्छ । नानीथकुँ आफैँले आफूलाई चाहिने योग्य जीवनसाथी आफैँ रोजेर विवाह गरोस् भन्ने आफूले चाहेको विचार शिवनारानले व्यक्त गरेका छन् । परन्तु नानीथकुँ भने अर्कै नारीको लोग्ने तथा दुई तीन सन्तानको बाबु भइसकेको प्रौढ व्यक्ति डाक्टर गोदत्त प्रसादसँग लहसिएकामा शिवनारान चिन्तित छन् । बाबु अष्टनारानको पनि आफ्ना सन्तानलाई आफ्नो जीवनसाथी आफैँ रोज्न दिने चाहना रहेको भए तापनि बहिनी नानीथकुँलाई स्वतन्त्रता दिँदा दुर्घटनाको त्रास भएको भाव शिवनारानले व्यक्त गरेका छन् ।

**साक्ष्य-११**

> यस्तो पाप कहिल्यै पनि नचिताउनु होला आमा ! यस्तो हामीले कहिल्यै सोच्नु ठिक छैन । हामीले अलिकति सुख पाउने आशामा उसलाई बेच्ने ? …हामी जीवनभर दुःखैमा फसेर, अल्झेर, रगडिएर मरौँ तर हाम्रो सुखको बदलामा हामीले आफ्नी बहिनी वा छोरी भतिजीलाई उनीहरूको जिन्दगीलाई दुःख सङ्कटमा नफालौँ, तपाईं मेरो यो कुरामा सधैँ ध्यान दिनोस् । (पृ. १३५)

उपर्युक्त साक्ष्यमा आफ्नी आमा लतमाया तत्कालीन सम्पन्न सामन्त वर्गका ५७ वर्षे सुब्बा सूरमानसँग नानीथकुँको विवाह गरिदिए नानीथकुँ तथा आफूहरूले पनि आर्थिक–भौतिक सुविधा पाउने लालचमा परेकी हुँदा शिवनारान आमालाई नम्रतापूर्वक सम्झाउँछन् । उनी हामीले यस्तो पाप कहिल्यै पनि चिताउनु हुँदैन, हामी जीवनभर दुःखैदुःखमा फसेर सङ्घर्णपूर्ण जीवन बाँचौँ, तर आफ्नो सुखका बदलामा आफ्ना चेलीबेटी तथा दिदी बहिनीहरूलाई किमार्थ सङ्कटमा पार्नु हुँदैन, यो कुरामा सधैँ ध्यान दिनुपर्छ भनेर आमालाई नम्रतासाथ सम्झाउँछन् ।

**साक्ष्य-१२**

> "हामी जस्तै प्रगतिशील मानिसहरूलाई आह्वान गर्नुपर्ला, बरू फोने गरेर पनि लायक व्यक्तिलाई दिनुपर्छ । म त भन्छु, भरसक अझ नानीथकुँ आफैँ नै त्यस्ता कुनै लायक मानिसको चुनाउ गरोस् । (पृ. १३६)"

उपर्युक्त साक्ष्यमा फोने गरेर अर्थात् आफैँले केटाको खोज गरेर तथा आफूहरूजस्तै प्रगतिशील किसिमका मानिसहरूलाई आह्वान गरेर भए पनि कुनै योग्य व्यक्तिसँग नानीथकुँको विवाह गरिदिनु पर्ने शिवनारानको विचार देखिन्छ । अझ उनको चाहना त नानीथकुँ स्वयंले आफ्ना लागि योग्य वर चुनोस् भन्ने रहेको देखिन्छ ।

**साक्ष्य-१३**

> मेरा पिताज्यूले यस्तो अनुचित मन्जुरी कहिले पनि दिनुभएन, यो बिल्कुल झुट कुरा हो । कदाचित् भुलले उहाँले वचन दिनुभएको साँच्ची हो र आमाको पनि मन्जुरी छ नै भने पनि म यस कुराको कदापि समर्थन गर्दिनँ । यस्तो अनुचित कुरामा आमाबाबु कसैको पनि कुरा सुन्ने र मान्ने कमजोरी कदापि गर्दिनँ । अरूको त के साक्षात् नानीथकुँले मन्जुर गरेकी भए पनि म विरोध गरेर बिथोलिहाल्दछु । त्यसैले रामबहादुरजी ! तपाईंले कसैको पनि दुहाई गर्नु फजुल छ । (पृ. १४०)

उपर्युक्त साक्ष्यमा सूरमान सुब्बाका मान्छे रामबहादुरले शिवनारानसँग तिम्रा पिता अष्टनारानले सुरमान सुब्बालाई नानीथकुँ दिने अर्थात् नानीथकुँको विवाह सुरमानसँग गरिदिने वचन दिइसकेका छन् त्यसैले मरिसकेका आफ्ना इमानदार बाबुको वचन राख्ने काम गर भनी जाली कुरा गर्छन् । यसको जवाफ शिवनारानले शान्त तर स्पष्टतापूर्वक दिन्छन् । उनी रामबहादुको कुरा असत्य हो भन्दै आफ्ना पिताले कहिल्यै पनि त्यस्तो वचन नदिएको कुरा गर्छन् । कथंकदाचित् गल्तीले वचन दिएका तथा आफ्नी आमाको समेत मन्जुरी भए पनि आफूले कदापि त्यो कुराको समर्थन नगर्ने कुरा बताउँछन् । उनी यस्तो अनुचित एवं अन्यायपूर्ण कुरामा आफूले आमाबाबु कसैको पनि कुरा नमान्ने तथा अज्ञानवश नानीथकुँले नै मन्जुर गरे पनि त्यस्तो अनर्थकारी कार्यलाई आफूले पूरा हुन नदिने दृढोक्ति व्यक्त गर्छन् ।

**साक्ष्य-१४**

> अब त म पनि धेरै दिन बाँचुला जस्तो लाग्दैन, नानीथकुँ र हर्षनारान यी दुई जनाको व्यवहार सिद्ध्याउन पाए मरे पनि हुने भइसकेँ । ....तिम्रा बाबु, दाजुहरूको सिद्धान्तअनुसार तिमीहरूले नै खोज्ने गर आफूलाई मन पर्ने, नानी हो ! त्यही म पनि बेस देख्छु । बरू जातपातको वास्ता नगरे पनि हुन्छ । (पृ. १५५)

उपर्युक्त साक्ष्यमा लतमायाले आफ्ना छोरा हर्षनारानसँग आफूलाई मन पर्ने आफ्नो जीवनसाथी आफैँ खोज्ने काम गर, यो कुरा बाबु अष्टनारान तथा दाजु शिवनारानको सिद्धान्त अनुरूप पनि हुन्छ बरू जातपातको वास्ता नगरे पनि हुन्छ अर्थात् आफ्नो मन मिल्ने र असल भए जुन जातको भए पनि हुन्छ भनेकी छन् । तत्कालीन परिवेशमा एउटी बृद्ध महिलाको यो उदार दृष्टिकोण विशेष उल्लेख्य एवं प्रसंशनीय देखिन्छ ।

**साक्ष्य-१५**

> "म स्वास्नी मान्छेकी कलङ्किनी हुन चाहन्नँ, म मासु बेच्न चाहन्नँ, यौवन त्रेच्न चाहन्न, जिन्दगी बेच्न चाहन्न । मलाई अब आफ्नो नारीत्वको महत्त्व थाहा भएर आयो । अब म नारीत्व गिराउन चाहन्नँ । (पृ. १५७)"

उपर्युक्त साक्ष्यमा एउटी सरला किशोरीको सोझोपन एवं भावनासँग खेलवाड गर्दै आफ्नो निकृष्ट स्वार्थ पूर्ति गर्न खोज्ने यौनपिपासु डाक्टर गोदत्त प्रसादको प्रलोभनलाई नानीथकुँले प्रस्ट जवाफ दिएकी छन् । उनले आफू स्वास्नीमान्छेकी कलङ्किनी बनेर जिन्दगी नबेच्ने तथा आफूलाई नारीत्वको महत्त्व थाहा भएको र अब आफूले आफ्नो नारीत्व नगिराउने दृढता व्यक्त गरेकी छन् ।

**साक्ष्य-१६**

लौ हुन्छ, तिमीलाई मन पर्छ भने ल्याऊ, मेरो त ज्यादै राजी छ, म यो कुरा सुनेर अत्यन्त खुसी छु । यस्तै आफैले रोजेको हेर्न म बढ्ता चाहन्छु । तर दाजुहरूसँग पनि एकचोटि सोध, अदब राख्नु राम्रै कुरा हो । उनीहरू पनि यो सुनेर खुसी भइहाल्छन् । (पृ. १६०)

उपर्युक्त साक्ष्यमा आफ्नो छोरा हर्षनारानले आफ्नो जीवनसाथी आफैँले रोजेर विवाह गर्न थालेकामा लतमायाले हर्ष प्रकट गरेकी छन् । यो कुरा सुनेर दाजुहरू पनि खुशी हुने भए तापनि एक पटक सोधेर औपचारिकता र मर्यादा पूरा गर्न सल्लाह दिएकी छन् ।

**साक्ष्य-१७**

ए तामाङकी छोरी ? झन् बेस, तिम्रा बा पनि यस्तै दुई जात, दुई सम्प्रदायमा सम्बन्ध राख्न चाहने, यस्तै भए मात्र साम्प्रदायिक भाव हटी देशको उन्नति होला भन्ने उहाँको विचार थियो, भनौँ हाम्रो घरभरिको नै यही विचार छ, यसैले तिम्रा दाजुहरू पनि खुसी नै होलान् । (पृ. १६१)

उपर्युक्त साक्ष्यमा आफ्नो छोरा हर्षनारानले मन पराएर विवाह गर्न खोजेकी केटी तामाङकी छोरी भएकोमा लतमायाले झन् खुशी प्रकट गरेकी छन् । उनले अष्टनारानको पनि यस्तै दुई जात, दुई सम्प्रदायमा वैवाहिक सम्बन्ध स्थापित भएमा साम्प्रदायिक भाव हटी देशको उन्नति हुने विचार थियो भन्ने कुरा व्यक्त गरेकी छन् । आफ्नो सम्पूर्ण परिवारको विचार त्यस्तै रहेकोले यो कुराबाट दाजुहरू पनि खुशी नै हुने सम्भावना प्रकट गरकी छन् ।

**साक्ष्य-१८**

"बेस भयो, नेवार पर्वतेको सम्बन्ध बलियो हुन आँटेछ । ...यस्तै नेवार, पर्वते र मधेसी तीन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ । यो काममा हाम्रो घर धेरै अगाडि बढ्दै छ । (पृ. १६३)"

उपर्युक्त साक्ष्यमा आफ्ना माहिला भाइ पुननारानले कान्छा भाइ हर्षनारानको प्रेम र विवाह गर्ने इच्छाको कुरा गर्दा शिवनारानले खुशी व्यक्त गरेका छन् । उनी नेवार र पर्वतेको सम्बन्ध बलियो हुन आँटेकोमा प्रसन्न हुँदै नेवार, पर्वते र मधेसी यी तीन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि

नेपाल अझ सुन्दर एवं विशाल हुने धारणा प्रकट गर्छन् । यो काम आफ्नै परिवारबाट अगाडि बढ्दै गएकामा हर्षित हुँदै भाइ पुननारानलाई हर्षनारानको विवाहको तयारी गर्न आदेश दिएका छन् ।

**साक्ष्य-१९**

> हाम्रो समाजमा दुलही भित्र्याउँदा र छोरीबेटी दिएर पठाउँदासम्म त उनीहरूलाई विवाहको दुई चार दिन निकै स्वागतसत्कार, मानमर्यादाको व्यवहार हुन्छ, अवश्य हो । ....तर डोलीमा हाली ल्याएर ढोकामा रोकी अनेक स्वागतसत्कार गर्दैमा स्वास्नीमान्छेहरूले हाम्रो समाजमा के मानमर्यादा र स्थान पाएका छन् ? ....त्यसको सट्टा उनलाई हामी लोग्ने मानिसहरूले आफूले चाहेको हक दिन र मर्यादा गर्न नभुलौँ, नबिसौँ र त्यसका निम्ति दृढ सङ्कल्पी बनौँ । (पृ. १६५-६६)

उपर्युक्त साक्ष्यमा शिवनारानले हाम्रो समाजमा दुलही भित्र्याउँदा तथा चेलीबेटीको विवाह गरेर विदाइ गर्दा दुईचार दिन निकै स्वागत सत्कार एवं मानमर्यादा गर्दैमा तथा डोलीमा हाली ल्याएर ढोकामा रोकी अनेक स्वागतसत्कार गरेको स्वाँङ गर्दैमा हाम्रो समाजमा नारीहरूले मान, मर्यादा, सम्मान एवं स्थान नपाउने धारणा व्यक्त गरेका छन् । उनले त्यसको सट्टा लोग्ने मानिसहरू नारीहरूलाई सम्पूर्ण रूपमा आफूसमान हक अधिकार र मर्यादा दिन दृढसङ्कल्पी बन्नु पर्ने विचार व्यक्त गरेका छन् ।

**साक्ष्य-२०**

> "नेवार, पर्वते र मधेसी यी तीनै जाति र संस्कृतिको स्थापना झन् आफ्नै घरमा पाएर शिवनारान अत्यधिक खुसी थिए । ...यी तीन जाति र संस्कृतिको समन्वय वा स्थापना नभईकन नेपालको उन्नति हुँदै हुँदैन भन्ने उनलाई विश्वास थियो । (पृ. १९१)"

उपर्युक्त साक्ष्यमा शिवनारान नानीथकुँका लागि आफ्ना बाबु (अष्टनारान) र परिवारका अन्य सदस्यहरूको विचार र सिद्धान्त अनुसारको सुयोग्य वर फेला पारेकामा प्रफुल्लित छन् । नानीथकुँका लागि म्याट्रिक पास गरेको, उमेर पनि मिल्दो तथा राम्रो स्वभाव एवं आनीबानी भएको मधेशी केटो पाएकोले तराईमा बसोवास गर्ने मधेसी जातिसित वैवाहिक सम्बन्ध जोडिने कुराले शिवनारान पूर्ण रूपमा सन्तुष्ट एवं हर्षित छन् । उनको खुशीको कारण नेवार, पर्वते र मधेसी यी तीनै जाति एवं संस्कृतिको मेल हुन थालेको र त्यो पनि आफ्नै घरबाट प्रारम्भ हुन लागेकाले हो । यी तीनै जाति एवं संस्कृतिको स्थापना र समन्वय नभईकन सही अर्थमा नेपालको प्रगति हुँदैन भन्ने उनको मान्यता रहेको पाइन्छ ।

## साक्ष्यहरूको विश्लेषण : उदार नारीवादका सन्दर्भमा

*एक चिहान* उपन्यासमा उदार नारीवादी दृष्टिकोण प्रस्तुत भएको छ । उपन्यासको लेखनकालका

दृष्टिले हेर्दा तत्कालीन समयमा यतिसम्म अग्रगामी चिन्तन अभिव्यक्त हुनु पनि उपन्यासको उल्लेख्य पक्ष हो । मरणासन्न अवस्थामा रहेका अष्टनारानले आफ्नी स्वास्नी लतमायालाई भनेको भनाइमा जन्मेपछि एक दिन सबै मर्नु पर्ने, लोग्ने पहिले मरे स्वास्नी विधवा हुने र स्वास्नी पहिले मरे लोग्ने विधुर हुने परन्तु दुवै एकैचोटि मर्ने संयोग नपर्ने भाव व्यक्त गरिएको छ । यसबाट नारी र पुरूषलाई एक समान देख्ने अष्टनारानको दृष्टिकोण अभिव्यञ्जित छ । डाक्टर गोदत्तप्रसादकी श्रीमति रञ्जनादेवीले नानीथकुँलाई सम्झाउने क्रममा उमेर मिल्दा अविवाहित युवा–युवतीका बिचमा मात्र विवाह हुनुपर्ने तथा पुरूषले बहुविवाह गर्ने प्रचलन पनि गलत हो भन्ने धारणा प्रकट गरेकी छन् । यस धारणाबाट पनि नारी पुरूषका बिचको असमान व्यवहारको अन्त्य भई समानताको स्थापना हुनुपर्ने कुरा अभिव्यक्त भएको छ । त्यस्तै नारी केवल पुरूषभोग्या होइनन् । नारीको सौन्दर्य पुरूषको भोगका लागि होइन भन्ने रञ्जनादेवीको दृष्टिकोणले पनि नारी कुनै उपभोगको वस्तु वा सन्तानोत्पादनको साधन नभएर आधा आकाशको स्वतन्त्र एकाइ हो भन्ने विचार प्रस्तुत भएको छ । त्यस्तै रञ्जनादेवीको स्वास्नीमान्छे (नारी) ले अनिवार्य रूपमा कम से कम स्वास्नीमान्छे (नारी) को इज्जत र गौरव बँचाउनु पर्ने धारणाको विकास गर्न सके नारीमाथिको दमनमा नारी नै प्रमुख माध्यम बनिरहेको नेपाली समाजमा नारी जागरणका निम्ति महत्त्वपूर्ण योगदान पुग्नसक्ने देखिन्छ । यसरी नै नारीले आफ्नो महत्तालाई बचाउँदै अनमेल विवाहबाट बँच्नुपर्ने तथा बहुविवाह गर्न खोज्ने पुरूषबाट बँच्नुपर्ने रञ्जनादेवीको धारणा पनि परम्परागत पितृसत्तामा पुरूषको प्रभुत्वको सिकार बनेका नारीहरूको जागरणका निम्ति महत्त्वपूर्ण रहेको छ । गोदत्तप्रसादको षडयन्त्रको सिकार भएकी नानीथकुँलाई षडयन्त्रबाट छुटाउने कार्यमा रञ्जनादेवीको महत्त्वपूर्ण भूमिका रहेको छ (भट्टराई, २०७७ ख, पृ. १९७) । नारीले विवाहसम्बन्धी कुनै कदम चाल्दा खुब गहिरिएर सोच विचार गरी नारीको मूल्य र महत्त्वलाई सम्झेर बुझेर मात्र चाल्नु पर्ने रञ्जनादेवीको विचार नारी जागरणका निम्ति महत्त्वपूर्ण रहेको छ ।

हर्षनारानको "तिमी चाहन्छ्यौ भने हामी उहीसँग बिहे गराइदिन सक्छौँ तर यसरी लुकी चोरीकन ख्यालठट्टा गरेर भाँडिनु म राम्रो ठान्दिनँ । (पृ. १२५)" भन्ने भनाइमा नारीले आफूले माया गरेको र आफूलाई माया गर्ने व्यक्तिसँग विवाह गर्न पाउनुपर्ने तथा त्यस कुरामा परिवार तथा समाजको अनावश्यक हस्तक्षेप हुन नहुने अभिप्राय प्रकट भएको छ । परन्तु अनमेल तथा बहुविवाहको परम्परा अनुचित भएकोतर्फ उनको दृष्टि नपुगेकोले उनलाई सम्झाउँदै जुनसुकै जाति, धर्म, वर्ण तथा जस्तोसुकै आर्थिक अवस्था भए तापनि अविवाहित युवा–युवतीले युवा–युवती दुवै पक्षको सहमतिमा प्रेम वा विवाह गर्नु न्यायसङ्गत एवं औचित्यपूर्ण भए पनि कुनै पनि लोग्ने मान्छेले कसैकी श्रीमती, आमा वा प्रेमिका र स्वास्नी मान्छेले कसैको श्रीमान्, बाबु वा प्रेमीप्रति कुदृष्टि राख्नु चोरी, डकैती वा व्यभिचार हुने भएकाले यस्तो कुरामा आफ्नो सहमति कहिल्यै नहुने विचार शिवनारानले प्रकट गरेका छन् ।

शिवनारानको परिवार अलि प्रगतिशील भएकाले तत्कालीन अन्धविश्वासी समाजका केही मानिसहरू उनीहरूदेखि टाढा हुन खोज्ने, तत्कालीन समाजमा अलि क्रान्तिकारी ढङ्गले अगाडि बढ्न खोज्दा पनि सहज रूपमा अगाडि बढ्न नसकिने भएकाले नानीथकुँको विवाह गर्न ढिला भइरहेको विचार व्यक्त गरिएको छ । फोने गरेर अर्थात् विना माग आफैँ दिन खोजेर विवाह गरिदिऊँ भने पनि तत्कालीन सङ्कीर्ण एवं रूढिग्रस्त समाजका अगाडि आफैँ हलुका भइने डर शिवनारानमा रहेको देखिन्छ । नानीथकुँ आफैँले आफूलाई चाहिने योग्य जीवनसाथी आफैँ रोजेर विवाह गरोस् भन्ने आफूले चाहेको विचार शिवनारानले व्यक्त गरेका छन् । परन्तु नानीथकुँ भने अर्कै नारीको लोग्ने तथा दुईतीन सन्तानको बाबु भइसकेको प्रौढ व्यक्ति डाक्टर गोदत्तप्रसादसँग लहसिएकामा शिवनारान चिन्तित छन् । बाबु अष्टनारानको पनि आफ्ना सन्तानलाई आफ्नो जीवनसाथी आफैँ रोज्नदिने चाहना रहेको भए तापनि बहिनी नानीथकुँलाई स्वतन्त्रता दिँदा दुर्घटनाको त्रास भएको भाव शिवनारानले व्यक्त गरेका छन् । यसरी शिवनारान नारीस्वतन्त्रता, समानता एवं अधिकारप्रति उदार हुनुका साथै कर्तव्याकर्तव्यप्रति पनि सजग छन् । आफ्नी आमा लतमाया तत्कालीन सम्पन्न सामन्त वर्गका ५७ वर्षे सूरमानसँग नानीथकुँको विवाह गरिदिए नानीथकुँ तथा आफूहरूले पनि आर्थिक–भौतिक सुविधा पाउने लालचमा परेकी हुँदा शिवनारान आमालाई नम्रतापूर्वक सम्झाउँछन् । उनी हामीले यस्तो पाप कहिल्यै पनि चिताउनुहुँदैन, हामी जीवनभर दुःखैदुःखमा फसेर सङ्घर्षपूर्ण जीवन बाँचौँ, तर आफ्नो सुखका बदलामा आफ्ना चेलीबेटी तथा दिदी बहिनीहरूलाई किमार्थ सङ्कटमा पार्नु हुँदैन, यो कुरामा सधैँ ध्यान दिनुपर्छ भनेर आमालाई भन्दछन् । यस कुराबाट उनी जागरूक, उत्तरदायी एवं मायालु अभिभावक भएको कुरा पनि प्रमाणित हुन्छ । आफूहरू जस्तै प्रगतिशील किसिमका मानिसहरूलाई आह्वान गरी फोने गरेर अर्थात् आफैँले केटा खोजेर भए पनि कुनै योग्य व्यक्तिसँग नानीथकुँको विवाह गरिदिनु पर्ने शिवनारानको विचार देखिन्छ । अझ उनको चाहना त नानीथकुँ स्वयंले विवेकपूर्वक आफ्ना लागि आफैँ योग्य वर चुनोस् भन्ने समेत रहेको देखिन्छ ।

सूरमान सुब्बाका मान्छे रामबहादुरले शिवनारानसँग तिम्रा पिता अष्टनारानले सुब्बा सुरमानलाई नानीथकुँ दिने अर्थात् नानीथकुँको विवाह सुरमानसँग गरिदिने वचन दिइसकेका छन् त्यसैले मरिसकेका आफ्ना इमानदार बाबुको वचन राख्ने काम गर भनी जाली कुरा गर्छन् । यसको जवाफ शिवनारानले शान्त तर स्पष्टतापूर्वक दिन्छन् । उनी रामबहादुको कुरा असत्य हो भन्दै आफ्ना पिताले कहिल्यै पनि त्यस्तो वचन नदिएको कुरा गर्छन् । कथंकदाचित् गल्तीले वचन दिएका तथा आफ्नी आमाको समेत मन्जुरी भए पनि आफूले कदापि त्यो कुराको समर्थन नगर्ने कुरा बताउँछन् । उनी यस्तो अनुचित एवं अन्यायपूर्ण कुरामा आफूले आमाबाबु कसैको पनि कुरा नमान्ने तथा अज्ञानवश नानीथकुँले नै मन्जुर गरे पनि त्यस्तो अनर्थकारी कार्यलाई आफूले पूरा हुन नदिने दृढोक्ति व्यक्त गर्छन् । यसबाट उनको निर्भीक, न्यायप्रेमी, उत्तरदायी तथा स्वाभिमानी स्वभाव पनि प्रस्तुत भएको छ ।

लतमायाले आफ्ना छोरा हर्षनारानसँग आफूलाई मन पर्ने आफ्नो जीवनसाथी आफैँ खोज्ने काम गर, यो कुरा बाबु अष्टनारान तथा दाजु शिवनारानको सिद्धान्त अनुरूप पनि हुन्छ बरू जातपातको वास्ता नगरे पनि हुन्छ अर्थात् आफ्नो मन मिल्ने र असल भए जुन जातको भए पनि हुन्छ भनेकी छन् । तत्कालीन परिवेशमा एउटी बृद्ध महिलाको यो उदार दृष्टिकोण विशेष उल्लेख्य एवं प्रसंशनीय देखिन्छ । त्यस्तै अपरिपक्व अल्लारेपनमा डाक्टर गोदत्तप्रसादजस्तो कपटी, स्वार्थी एवं षडयन्त्रकारीका चिल्ला कुरामा केही समय बहकिए पनि केही समयपछि आफ्नो निकृष्ट स्वार्थ पूर्ति गर्न खोज्ने यौनपिपासु डाक्टर गोदत्तप्रसादको प्रलोभनलाई नानीथकुँले प्रस्ट जवाफ दिएकी छन् । उनले आफू स्वास्नी मान्छेकी कलङ्किनी बनेर जिन्दगी नबेच्ने तथा आफूलाई नारीत्वको महत्त्व थाहा भएको र अब आफूले आफ्नो नारीत्व नगिराउने दृढता व्यक्त गरेकी छन् ।

वृद्धा आमा लतमायाले आफ्नो छोरा हर्षनारानले आफ्नो जीवनसाथी आफैँले रोजेर विवाह गर्न थालेकामा हर्ष प्रकट गरेकी छन् । यो कुरा सुनेर दाजुहरू पनि खुशी हुने भए तापनि एक पटक सोधेर औपचारिकता र मर्यादा पूरा गर्न सल्लाह दिएकी छन् । आफ्नो छोरा हर्षनारानले मन पराएर विवाह गर्न खोजेकी केटी तामाङकी छोरी भएकोमा लतमायाले झन् खुशी प्रकट गरकी छन् । उनले अष्टनारानको पनि यस्तै दुई जात, दुई सम्प्रदायमा वैवाहिक सम्बन्ध स्थापित भएमा साम्प्रदायिक भाव हटी देशको उन्नति हुने विचार थियो भन्ने कुरा व्यक्त गरेकी छन् । आफ्नो सम्पूर्ण परिवारको विचार त्यस्तै रहेकाले यो कुराबाट दाजुहरू पनि खुशी नै हुने सम्भावना प्रकट गरकी छन् ।

आफ्ना माहिला भाइ पुननारानले कान्छा भाइ हर्षनारानको प्रेम र विवाह गर्ने इच्छाको कुरा गर्दा शिवनारानले खुशी व्यक्त गरेका छन् । उनी नेवार र पर्वतेको सम्बन्ध बलियो हुन आँटेकोमा प्रसन्न हुँदै नेवार, पर्वते र मधेसी यी तीन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर एवं विशाल हुने धारणा प्रकट गरेका छन् । यो काम आफ्नै परिवारबाट अगाडि बढ्दै गएकामा हर्षित हुँदै भाइ पुननारानलाई हर्षनारानको विवाहको तयारी गर्न आदेश दिएका छन् । त्यस्तै उनले हाम्रो समाजमा दुलही भित्र्याउँदा तथा चेलीबेटीको विवाह गरेर विदाइ गर्दा दुई चार दिन निकै स्वागत सत्कार एवं मान मर्यादा गर्दैमा तथा डोलीमा हाली ल्याएर ढोकामा रोकी अनेक स्वागतसत्कार गरेको स्वाँङ गर्दैमा हाम्रो समाजमा नारीहरूले मान, मर्यादा, सम्मान एवं स्थान नपाउने धारणा व्यक्त गरेका छन् । उनले त्यसको सट्टा लोग्ने मानिसहरू नारीहरूलाई सम्पूर्ण रूपमा आफूसमान हक अधिकार र मर्यादा दिन दृढसङ्कल्पी बन्नुपर्ने विचार व्यक्त गरेका छन् ।

शिवनारान नानीथकुँका लागि आफ्ना बाबु अष्टनारान र परिवारका अन्य सदस्यहरूको विचार र सिद्धान्तअनुसारको सुयोग्य वर फेला पारेकामा प्रफुल्लित छन् । नानीथकुँका लागि म्याट्रिक पास गरेको, उमेर पनि मिल्दो तथा राम्रो स्वभाव एवं आनीबानी भएको मधेशी केटो पाएकोले तराईमा बसोवास गर्ने मधेसी जातिसित वैवाहिक सम्बन्ध जोडिने कुराले शिवनारान पूर्ण रूपमा सन्तुष्ट एवं

हर्षित छन् । उनको खुशीको कारण नेवार, पर्वते र मधेसी यी तीन जाति एवं संस्कृतिको मेल हुन थालेको र त्यो पनि आफ्नै घरबाट प्रारम्भ हुन लागेकाले हो । यी तीन जाति एवं संस्कृतिको स्थापना र समन्वय नभईकन सही अर्थमा नेपालको प्रगति हुँदैन भन्ने उनको दृष्टिकोण रहेको पाइन्छ ।

## निष्कर्ष

*एक चिहान* उपन्यासमा उदार नारीवादी चिन्तन अभिव्यञ्जित भएको छ । यस उपन्यासमा तत्कालीन नेपाली समाजका नारीहरूले भोगेका यथार्थको प्रस्तुति गरिएको छ । यस उपन्यासमा शिवनारान र उनको परिवारका सबै सदस्यहरू नारीको अधिकारका पक्षमा उभिएका छन् । डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाजस्ता मानिसहरू नारीशोषण र दमनमा लागेका छन् भने रञ्जनादेवी नारीहरूको मूल्य र अधिकारका पक्षमा उभिएकी छिन् । शिवनारान नारी स्वतन्त्रता, समानता एवं अधिकारप्रति उदार हुनाका साथै कर्तव्याकर्तव्यप्रति पनि सजग छन् । उनी आफ्ना चेलीबेटी तथा दिदी बहिनीहरूलाई सङ्कटमा पार्नु हुँदैन भन्ने कुरामा जागरूक, उत्तरदायी एवं मायालु अभिभावकका रूपमा देखिएका छन् । लतमाया पनि आफ्ना पति अष्टनारान र छोरा शिवनारानको चिन्तनको प्रभावस्वरूप जातीय सङ्कीर्णताबाट मुक्त देखिन्छिन् । नानीथकुँ पनि अपरिपक्व अल्लारेपनमा डाक्टर गोदत्तप्रसादजस्तो कपटी, स्वार्थी एवं षडयन्त्रकारीका चिल्ला कुरामा केही समय बहकिए पनि केही समयपछि आफू स्वास्नीमान्छेकी कलङ्किनी बनेर जिन्दगी नबेच्ने दृढ निश्चयमा पुगेकी छन् ।

लतमायाले आफ्नो छोरा हर्षनारानले आफ्नो जीवनसाथी आफैले रोजेर विवाह गर्न थालेकामा हर्ष प्रकट गर्दै छोराले मन पराएर विवाह गर्न खोजेकी केटी तामाङकी छोरी भएकोमा खुशी प्रकट गरेकी छन् । शिवनारान पनि कान्छा भाइ हर्षनारानको प्रेम र विवाह गर्ने इच्छाको कुरा सुनेर नेवार, पर्वते र मधेसी तीन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर एवं विशाल हुने धारणा प्रकट गर्दै खुशी व्यक्त गरेका छन् । त्यस्तै उनले हाम्रो समाजमा दुलही भित्र्याउँदा तथा चेलीबेटीको विवाह गरेर विदाइ गर्दा गरिने देखावटीको विरोध गरेका छन् । उनले लोग्ने मानिसहरू नारीहरूलाई सम्पूर्ण रूपमा आफूसमान हक अधिकार र मर्यादा दिन दृढसङ्कल्पी बन्नु पर्ने विचार व्यक्त गरेका छन् । नानीथकुँका लागि आफ्ना बाबु अष्टनारान र परिवारका अन्य सदस्यहरूको विचार र सिद्धान्तअनुसारको सुयोग्य वर फेला परेको र आफ्नै घरबाट नेवार, पर्वते र मधेसी यी तीन जाति एवं संस्कृतिको मेल हुन थालेकामा शिवनारान खुशी छन् । यस उपन्यासमा कुनै पनि पात्रका कथन र क्रियाकलापबाट पूर्ण सचेत एवं विद्रोही किसिमको नारीवादी चिन्तन व्यञ्जित भएको छैन । यसो भए तापनि शिवनारान, रञ्जनादेवीजस्ता पात्रहरूका कथन एवं क्रियाकलापमा उदारवादी नारीवादी चिन्तन व्यञ्जित हुन पुगेको छ ।

## सन्दर्भ सूची


अधिकारी, ज्ञानु (२०६८), *नेपाली नारीसमालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण* (सिद्धान्त र प्रयोग), काठमाडौँ : पैरवी प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा*, काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना, अनेक रूप अनेक पठन*, काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६७), *नारीवादको कठघरामा नेपाली साहित्य*, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६८ क), *नारीवादी सौन्दर्य चिन्तन*, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६८ ख), *नेपाली उपन्यासमा नारीवाद*, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

प्रधान, हृदयचन्द्र सिंह (२०७५), *एक चिहान*, काठमाडौँ : स्वदेश प्रकाशन प्रा.लि. ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र*, काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७), *मार्क्सवाद र उत्तर आधुनिकतावाद*, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०५५), *संदृष्टि*, काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ क), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ ख), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण*, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।